**मिति २०८०। ११।११ गते बसेको निस्दी गाउँपालिकाको ५३ औँ गाउँ कार्यपालिका बैठकको प्रस्तावहरु**

१. गत कार्यपालिकाको निर्णय समिक्षा तथा रिपोटिङ्ग सम्बन्धमा ।

२. प्रदेश सरकार समक्ष विशेष तथा समपुरकको आयोजना माग सम्वन्धमा ।

३. १५ सैया अस्पताल म्याद थप सम्वन्धमा

४. झिरुवास विपदमा परेका १९ घरको स्थानिय तहबाट जम्मा गर्नु पर्ने रकम सम्वन्धमा ।

५. मगर दिवश मनाउने सम्वन्धमा ।

६. विविध ।

CamScanner

## मिति २०८०।११।११ गते बसेको निस्दी गाउँपालिकाको ५३ औं गाउँ कार्यपालिका बैठकको निर्णयहरु

१. प्रस्ताव नं १ माथि छलफल गर्दा गत कार्यपालिका बैठकको निर्णय कार्यान्वयनको समिक्षा गरियो । गत कार्यपालिका बैठकको निर्णय कार्यान्वयनमा गइरहेको पाइयो ।सात वटै वडाका वडा अध्यक्ष तथा कार्यपालिका सदस्यबाट वडा कार्यालयबाट भएको सेवा प्रवाह तथा आयोजना संचालन , जनगुनासो र जनगुनासोको सम्वोधन गर्ने सम्बन्धी विषयमा यस बैठक समक्ष रिपोटिङ्ग गर्नुभयो ।

२. लुम्विनी प्रदेश सरकार समक्ष तपसीलको आयोजना माग गर्ने सर्वसम्मत निर्णय गरियो ।

**विशेष अनुदान**

| क्र स | आयोजनाको नाम | आयोजना स्थल | रकम रु | कैफियत |
|---|---|---|---|---|
| १ | लेक डाँडा लिफ्ट खानेपानी आयोजना | निस्दी - ०६ | ५० लाख | |
| २ | लोकल रक्सी ब्राण्डीङ्ग | निस्दी गा पा सवै | ५० लाख | |

**समपुरक अनुदान**

| क्र स | आयोजनाको नाम | आयोजना स्थल | रकम रु | कैफियत |
|---|---|---|---|---|
| १ | केम खाम्चा मार्ग स्तरोन्नती तथा ग्रावेल | निस्दी गा पा वडा नं १ ,२ ,३, ४, ६ र ७ | २ करोड गाउँपालिका र २ करोड लुम्विनी प्रदेश सरकार | क्रमागत आयोजना |

३. ठेक्का नं EGP/NCB/WORKS/NRM /03-077/078 Construction of 15 bed hospital at nisdi-04 को सन्दर्भमा मिति २०८०।१०।०६ मा पेश भएको निवेदन माथि छलफल गर्दा उक्त ठेक्काको म्याद मिति २०८१।११।२९ सम्म थप गर्ने सर्वसम्मत निर्णय गरियो ।

निस्दी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय लुम्बिनी प्रदेश, नेपाल मिलथाल, नवलपरासी

८०।११।११

प्रमुख प्रशासकीय अधिकृत

४. झिरुवास विपद् मा परेका १९ घरको लागि जिल्ला प्रशासन कार्यालयको मिति २०८०।११।३ को पत्र च नं २१११ अनुसार स्थानिय तहबाट जम्मा गर्नु पर्ने रकम रु ७६०००० निस्दी कृषि तथा पशु उधमशिलता कार्यक्रम रु १००००००० बाट कोष तथा लेखा नियन्त्रकको कार्यालयको विविध संघको खाता नं ३०३०१००१०२०६०००० मा उपलब्ध गराउने निर्णय गरियो।

५. निस्दी गाउँपालिकाको पदाधिकारी भत्ता शिर्षक रु बाइस लाख बाट रु तिन लाख पचास हजार ४२ औ राष्ट्रिय मगर एकता दिवश कार्यक्रम संचालन गर्नका लागी रकमान्तर गरि सात वटै वडामा रु ५० हजार सम्मको कार्यक्रम संचालन गर्ने निर्णय गरियो। साथै मिति २०८०।११।१५ गते ४२ औ राष्ट्रिय मगर एकता दिवश मनाउन निस्दी गाउँ कार्यपालिकाको कार्यालय र मातहतका कार्यालयमा स्थानिय विदा दिने निर्णय गरियो।

६. निस्दी गाउँपालिकाको निर्माणाधिन मुख्य प्रशासनिक भवनको कार्य प्रगति तथा कार्य तालिका सम्वन्धित निर्माण व्यवसायी संग माग गर्ने निर्णय गरियो।

७. प्रस्ताव नं ७ माथि छलफल गर्दा देहाय अनुसारको निर्णय गरियो।

क) निस्दी गाउँपालिकाको आ व २०८०।०८१ को स्वीकृत भएका भवन निर्माण बाहेकका आयोजनाहरुको अन्तिम आयोजना सम्झौता मिति २०८० फागून मसान्त तोकियो।

ख) प्राविधिक विषयमा अध्ययन गर्ने छात्राको लागी प्रत्येक वडावाट सिफारिस भइ आएका तपसीलका ७ जना छात्रालाइ छात्रवृति प्रदान गर्ने निर्णय गरियो।

| क्र स | नाम थर | ठेगाना | अध्ययन गर्ने विषय | कैफियत |
|---|---|---|---|---|
| १ | निशा सोती | निस्दी - १ वाकामलाङ्ग | कृषि बाली विज्ञान | |
| २ | युविना सोती | निस्दी-२ सहलकोट | कृषि बाली विज्ञान | |
| ३ | मन कुमारी ढेंगा | निस्दी-३ झिरुवास | कृषि बाली विज्ञान | |
| ४ | धना देवी सारु थापा | निस्दी-४ मित्याल | अ हे व | |
| ५ | लक्ष्मी बि क | निस्दी-५ गल्धा | कृषि बाली विज्ञान | |
| ६ | लक्ष्मी बयम्बु | निस्दी-६ अर्चले | डिप्लोमा इन फरेष्ट्री | |
| ७ | शर्मिला आले | निस्दी-७ ज्यामीरे | मेडिकल ल्याब्रेटोरी टेक्नोलोजी | |

निस्दी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लुम्बिनी प्रदेश, नेपाल
मित्याल, पाल्पा

०८०।११।११

प्रमुख प्रशासकीय अधिकृत

CamScanner